राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपालको मुखपत्र

चौमासिक

NFD-N

1993

# रूपान्तरण

REFORMATION

वर्ष २०, अङ्क २, चैत २०७३



## आमा, म पनि स्कुल जान्छु नि !

### अपाङ्गता भएका बालबालिकाको

# शिक्षामा पहुँच

Inclusive tourism : What it means for Persons with Disability

रूदै गर्दा छोडेको नवीन फर्कंदा मुस्कुराउँदै



राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षसँग अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखी काम गर्न अनुरोधसहितको मागपत्र बुझाउँदै महासङ्घका अध्यक्ष सुदर्शन सुवेदी ।



महासङ्घ एवं डीपीओडी डेनमार्कका प्रतिनिधि भूकम्प प्रभावित जिल्ला नुवाकोटको तारुका गाविसमा अनुगमन भ्रमणमा ।




महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँगको साझेदारी अन्तर्गत बुटवलमा सञ्चालित महिला हिंसाविरुद्धको दुई दिने अभिमुखीकरण कार्यक्रमका सहभागी ।




महासङ्घको सातौं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पहिलो बैठक ।





**पृष्ठ ३**

विद्यालय भर्ना अभियानमा अपाङ्गता भएका बालबालिकाको पहुँच

## "आमा, म पनि स्कुल जान्छु नि !"

**Page 12 : Inclusive tourism:**
**What it means for the persons with disability**

पृष्ठ १५: महासङ्घले सञ्चालन गरिरहेका परियोजना र उपलब्धि।






पृष्ठ ९ : अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच


**रूपान्तरण**

वर्ष : २०, अङ्क : २, चैत, २०७२

राष्ट्रिय अपाङ्ग महासङ्घ—नेपालको मुखपत्र

सल्लाहकार : सुदर्शन सुवेदी
सम्पादन समूह : मनिष प्रसाई, विमल पौडेल
भाषा सम्पादन : धातृप्रसाद सुवेदी
आवरण/ले—आउट : योगेश खपाङ्गी
प्रकाशक : राष्ट्रिय अपाङ्ग महासङ्घ—नेपाल, सूचना तथा सञ्चार समन्वय विभाग
कार्यालय : भृकुटीमण्डप, काठमाडौं ।
फोन : ०१ ४२३११५९ फ्याक्स : ०१ ४२२९५२२ पो.ब.नं. : ९१८८
इमेल : rupantaran@nfdn.org.np, info@nfdn.org.np
वेबसाइट : www.nfdn.org.np
मुद्रक : भोजपुर सिद्धकाली प्रिन्टिङ प्रेस, काठमाडौं । फोनः ०१ ४३७६३९८

# अपाङ्गतासम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन

नेपाली अपाङ्गता भएका व्यक्तिका लागि २०७३ साल र यसपछिका दिनहरू निकै नै महत्वपूर्ण हुने लगभग पक्का छ । एकातिर राज्यको पुनःसंरचनासँग संविधानले सुनिश्चित गरेका प्रावधानहरूको कार्यान्वयन हुने प्रक्रिया अघि बढिरहेको छ भने अर्कोतिर करिब दुई दशकदेखि प्रतीक्षा गरिएको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन यसै वर्ष लागू हुने अपेक्षा गरिएको छ । अपाङ्गतासम्बन्धी १० वर्षे नीति तथा कार्ययोजना र अपाङ्गता भएका बालबालिकाको शिक्षासम्बन्धी नीति अपाङ्गता भएका व्यक्तिहरूकै लागि विशेष नीतिगत उपलब्धि हुन् भने विद्यालय क्षेत्र विकास योजना २०१६-२२, निर्वाचन आयोगले कार्यान्वयन गर्ने पाँच वर्षे रणनीतिपत्र, राष्ट्रिय स्वास्थ्य नीति तथा राष्ट्रिय स्वास्थ्य रणनीतिक योजना जस्ता दीर्घकालीन प्रभाव पार्ने नीति तथा कार्यक्रमहरूले अपाङ्गताका थुप्रै सवाललाई (सम्बन्धित अन्तर्राष्ट्रिय कानुनलाई समेत ध्यानमा राखी) सम्बोधन गरेका छन् । यसैगरी, गत वर्षको भूकम्पबाट प्रभावित जिल्लाहरूमा सञ्चालन हुने पुनःनिर्माण तथा पुनःस्थापना कार्यमा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकतामा राखिने कुरा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको पाँच वर्षे रणनीतिपत्रमा स्पस्टरूपमा उल्लेख गरिएको छ ।

कुनै विषयमा कानुन तथा नीतिहरू बन्नु आफैंमा महत्वपूर्ण कुरा हो तर त्यसको वास्तविक एवं प्रभावकारी कार्यान्वयनले मात्र मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ किनभने कागज आफैंले काम गर्दैन भन्ने कुरा बितेका केही वर्षयता हाम्रो अनुभवले समेत प्रमाणित गरिरहेको छ ।

आजको परिस्थितिसम्म आइपुग्दा नेपाली अपाङ्गता भएका व्यक्तिहरूका लागि नीतिगत एवं कानुनीरूपमा थुप्रै अधिकार स्थापित भइसकेको देखिन्छ । यद्यपि, तिनीहरूको कार्यान्वयनको अवस्था भने निकै नै दयनीय रहेको तथ्य विभिन्न अध्ययन तथा सर्वेक्षणका प्रतिवेदनले सार्वजनिक गरिरहेका छन् । अर्थात्, नीतिगतरूपमा लक्षित समूहका लागि राम्रा प्रावधानहरू राखिने तर कार्यान्वयनको प्रक्रियामा भने न्यूनतम मापदण्डहरूसमेत पूरा नगर्ने परिपाटी कसैको अगाडि लुकेको छैन । त्यसैको परिणामस्वरूप अपाङ्गता भएका व्यक्तिहरूको ठूलो समूह आज पनि विभेद, दुर्व्यवहार र वञ्चितीकरणको अवस्थाबाट मुक्त हुन सकेको छैन ।

लक्षित समूहको वास्तविक उत्थान गर्ने नै हो भने नीति र कानुन प्रशस्त बनाउने तर लक्षित कार्यक्रम, योजना र बजेट विनियोजन नगर्ने परिपाटीको अन्त्य हुनैपर्छ । सम्बन्धित मन्त्रालय एवं निकायहरूबीच हुने समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने एवं देशभरि सञ्चालन हुने कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने उपयुक्त अनुगमन संयन्त्र हुनुपर्छ र अपाङ्गताको सवालमा केन्द्रदेखि जिल्लासम्म हरेक निकायलाई जिम्मेवार बनाउँदै एकीकृत योजना निर्माण गरी सबैले योगदान गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

यसका साथै, अपाङ्गता अधिकारका क्षेत्रमा लगानी बढाउने र प्राप्त हुने अन्तर्राष्ट्रिय सहयोगलाई लक्षित समूहसम्म पुऱ्याउन प्रभावकारी संयन्त्रको विकास गर्ने, लक्षित वर्गको प्रतिनिधित्व एवं प्रत्यक्ष सहभागितामा मात्र योजना निर्माण तथा कार्यान्वयन गर्ने, पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाई केन्द्रमा राखेर कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन गर्ने जस्ता उपायको अवलम्बनबाट मात्र सकारात्मक परिवर्तन सम्भव छ । आशा गरौँ, अबका दिन कार्यान्वयन र परिवर्तनका दिन हुनेछन् । ०

# विद्यालय भर्ना अभियानमा अपाङ्गता भएका बालबालिकाको पहुँच



■ विमल पौडेल

## "आमा, म पनि स्कुल जान्छु नि !"



*उमेश हरिजन*

आफू जस्तै साथीहरू आफ्नै आँगनको बाटो भएर विद्यालय पोसाकमा ओहोर दोहोर गरेको टुलु-टुलु हेरेर बस्नु उहाँको दिनचर्या जस्तै भइसकेको छ । अरूले जस्तै विद्यालय गएर पढ्ने मन भए पनि आफ्नै घर छेउमा रहेको विद्यालयले पनि उहाँलाई भर्ना लिन नमानेपछि भने चिन्तित भएर आँगन कुर्नेसिवाय कुनै उपाय छैन अहिले उहाँसँग ।

बुटवल उपमहानगरपालिका– १३, पारिबुटवल निवासी १३ वर्षीय उमेश हरिजनका दुवै खुट्टा चल्दैनन् । उहाँलाई यताउता हिड्न ह्विलचियरको आवश्यकता पर्छ । "पुराना सामग्री खरिद बिक्री गर्दै हिंड्ने एक व्यक्तिसँग १२ सयमा एउटा थोत्रो ह्विलचियर किनेर घरैमा केही मर्मत गरेर उसका लागि बस्ने बनाइदिएका छौं", उमेशकी आमाले भन्नुभयो ।

"उमेश जहिले पनि 'आमा, म पनि स्कुल जान्छु नि !' भनिरहन्छ । धेरैपटक स्कुलका सरहरूलाई अनुरोध गरेम् तर भर्नै लिन मान्नुहुन्न", उहाँले भन्नुभयो, "कपि, कलम किनेर घरमै ल्याइदिन्छम् । अलि-अलि लेख्न पढ्न जानेको छ । स्कुलमै गएर पढ्न पाए ठूलो मान्छे बन्थ्यो होला तर खै अब त दुःख पाउने भो ।"

उजुरसिंह उच्च माध्यमिक विद्यालयका शिक्षकहरूसँग उमेशको भर्नाबारे जिज्ञासा राख्दा 'उसलाई नै अप्ठ्यारो हुने' तर्क गर्छन् । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले सञ्चालन गरेको समावेशी शिक्षासम्बन्धी प्रशिक्षणमा सहभागी भएपछि भने 'आउँदो शैक्षिक सत्रदेखि केही व्यवस्था गरेरै भए पनि उमेशलाई भर्ना लिने प्रयास गर्ने' प्रतिबद्धता विद्यालयका प्रशासकले जनाएका छन् ।

हाल नेपालमा विद्यालय जाने उमेर समूहका बालबालिकाको खुद विद्यालय भर्नादर ९६.६ प्रतिशत रहेको देखिन्छ । तर, शिक्षा विभागले प्रकाशन गरेको फ्ल्यास प्रतिवेदन– २०१४ अनुसार नेपालमा ५-१८ वर्ष उमेर समूहका एक लाख ७९ हजारमध्ये एक लाख पाँच हजार २५ अर्थात ६० प्रतिशतभन्दा बढी उमेश जस्ता विभिन्न प्रकृतिका अपाङ्गता भएका बालबालिका अझै पनि विद्यालयको हाताभित्र प्रवेश गर्न सकेका छैनन् । यसको अर्थ विद्यालयभन्दा बाहिर हुनेमध्ये अत्यधिकमात्रामा अपाङ्गता भएकाहरू नै छन् भन्ने कुरामा दुईमत छैन ।

त्यसैगरी, विद्यालयमा भर्ना भएका बालबालिकामध्ये विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउनेहरूको सङ्ख्या पनि उल्लेख्य रहेको छ । विशेषगरी बौद्धिक अपाङ्गता भएका, अटिज्म प्रभावित, मनोसामाजिक अपाङ्गता भएका, श्रवण-दृष्टिविहीन र बहु-अपाङ्गता भएका बालबालिकालाई विद्यालयहरूले भर्ना लिन अस्वीकार गर्ने वा विभिन्न बहानामा उदासिनता देखाउने र भर्ना गरिहाले पनि विद्यालयबाट निष्कासन गर्ने गरेको अनुभव छ धेरै

**नेपालको संविधानको धारा ३१ मा भएको व्यवस्था**

- अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानुनबमोजिम नि:शुल्क उच्चशिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानुनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

अभिभावकको ।

रूपन्देही जिल्लाको सालझण्डी निवासी सीता रेग्मी अहिले ३० वर्षकी हुनुहुन्छ । घरमै दाजु र दिदीले सिकाएको भरमा केही अक्षर तथा आफ्नो नामसम्म लेख्न सक्नुहुन्छ तर यो उमेरसम्म आइपुग्दा पनि कहिल्यै विद्यालय टेक्न पाउनुभएको छैन । उहाँका आमावुवा भन्नुहुन्छ– "विद्यालय लैजान र ल्याउन सकिंदैनथ्यो अनि ह्विलचियर पनि थिएन, फेरि पढेर उसले के गर्न सक्ली भन्ने लाग्थ्यो त्यतिबेला ।"

उमेश र सीता जस्तै प्रशस्त सम्भावना हुँदाहुँदै पनि देशभरि थुप्रै अपाङ्गता भएका बालबालिका

**२०७२ चैत १६ गते गोरखापत्रमा शिक्षा विभागद्वारा प्रकाशित सन्देश**

- "अपाङ्गतालाई चिनौं, पहिचान गरौं र उनीहरूका आवश्यकतालाई सम्बोधन गरौं"
- "सबै किसिमका अपाङ्गता भएका बालबालिकालाई ससम्मान विद्यालयमा भर्ना गरौं"
- "अपाङ्गता भएका बालबालिकाहरूको अवरोधमुक्त वातावरणमा शिक्षा पाउने अधिकारको सम्मान गरौं"

आज घरको अँध्यारो कोठामा जीवन बिताउन विवश छन् ।

सधैंका वर्ष जस्तै यस वर्ष पनि नेपाल सरकार, शिक्षा विभागले देशभरि विभिन्न कारणले विद्यालयबाहिर रहेका बालबालिकालाई लक्ष्य गरेर विद्यालय भर्ना अभियान सञ्चालन गरिरहेको छ । त्यसमा पनि ठूलो सङ्ख्यामा विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकालाई लक्ष्य गरेर यस वर्षको भर्ना अभियान सञ्चालन गरिएको शिक्षा विभागका महानिर्देशक खगराज बराल बताउनुहुन्छ । अब त्यसो भए यहीनेर प्रश्न उठ्छ– के यो अभियानले उमेश र सीता जस्ता अपाङ्गता भएका बालबालिकालाई समेट्न सक्ला त ?



*सीता रेग्मी*

अघिल्लो वर्षमात्र घोषणा गरिएको नेपालको संविधान (२०७२) ले समेत अन्य बालबालिकालाई प्राप्त हुने अधिकारका साथै अपाङ्गता भएका बालबालिकाका लागि शिक्षासम्बन्धी केही विशेष अधिकार प्रदान गरेको छ ।

## यस वर्षको भर्ना अभियान

यस वर्षको विद्यालय भर्ना अभियानको नारा "हाम्रो चाहना सबै अपाङ्गता भएका बालबालिकाको विद्यालयमा भर्ना, भर्ना भएकालाई टिकाउने र टिकेकालाई सिकाउने" भन्ने रहेको छ । देशभरि सञ्चालन गरिएको यो अभियानलाई सफल पार्न सन्देशहरू पनि प्रवाह गरियो । (*हेर्नुहोस् माथि बक्समा रहेको गोरखापत्रमा शिक्षा विभागद्वारा प्रकाशित सन्देश ।*)

भर्ना अभियानमा अपाङ्गता भएका बालबालिकालाई

## यस वर्ष अपाङ्गता भएका बालबालिकालाई विद्यालय भर्नाका लागि गरिएका विशेष व्यवस्था

- अपाङ्गता भएका बालबालिकाको शिक्षाको विद्यमान अवस्था र कार्ययोजनाका विषयमा छलफल, समीक्षा गरी भाबी योजना निर्धारण गर्ने,
- जिल्लामा अवस्थित कुनै पनि विद्यालयमा अध्ययन गर्ने कुनै पनि किसिमको अपाङ्गता भएका विद्यार्थीलाई उच्च प्राथमिकतामा राखी अध्ययनको अवसर दिलाउने,
- प्रत्येक विद्यार्थीको वैयक्तिक शैक्षिक फाइल राख्नुपर्ने र उक्त फाइलमा विद्यार्थी भर्ना हुँदाका बखतको प्रारम्भिक सूचनादेखि हालसम्मका प्रमुख उपलब्धि अद्यावधिक गर्ने रेकर्ड फाइलिङ्ग गरिएको हुनुपर्ने,
- समावेशी शिक्षाको मान्यताबमोजिम अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षा र विशेष विद्यालय सञ्चालन गर्ने,
- अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षा नीति विकास, योजना निर्माण र प्रविधिमा आधारित शिक्षामा जोड दिने,
- अपाङ्गताको वर्गीकरणका आधारमा सहयोग पद्धतिको विकास एवं कार्यान्वयन गर्ने ।

**छात्रवृत्ति व्यवस्थामा विद्यार्थीको आवश्यकतालाई ध्यान दिई श्रेणी विभाजन गरिएकोमा हाल त्यसमा परिवर्तन गरी आवासीय छात्रवृत्ति, सहयोगी सहायता छात्रवृत्ति, यातायात सेवा छात्रवृत्ति र शैक्षिक सामग्री छात्रवृत्ति भनिएको छ ।**



प्राथमिकता दिनका लागि शिक्षा विभागबाट ७५ वटै जिल्ला शिक्षा कार्यालयलाई निर्देशन दिइसकिएको शिक्षा विभागका उपनिर्देशक एवं समाहित शाखाका प्रमुख गणेश पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार, शिक्षा विभागले केही विशेष व्यवस्थासहित यस वर्ष अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा स्वागत गरिंदैछ । *(बक्समा हेर्नुहोस् अपाङ्गता भएका बालबालिकालाई विद्यालय भर्नाका लागि गरिएका विशेष व्यवस्था ।)*

### भर्ना अभियानमा महासङ्घको चासो

भर्ना अभियान निरन्तर चल्ने प्रक्रिया भएकाले यसमा विभिन्न व्यक्ति र निकायहरूको समेत साथ र सहयोग प्राप्त भएमात्र यसले सार्थकता पाउन सक्छ । नेपाल सरकारले सञ्चालन गरिरहेको भर्ना अभियानमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरूले समेत आ-आफ्नो ठाउँबाट सघाइरहेका छन् । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल अपाङ्गता भएका







**महासङ्घको चासोका विषय**

- अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा स्वागत गर्न विद्यालयको भौतिक तथा अन्य तयारीको अवस्था कस्तो छ ?
- के अपाङ्गताबारे शिक्षक एवं विद्यार्थीमा चेतनाको स्तर सकारात्मक छ ?
- अभिभावक र समुदायको चेतनाको स्तर कस्तो छ ?
- अवरोधहरूको विश्लेषण गरिएको छ ?
- अवरोधलाई सम्बोधन गर्ने योजना छ ?
- के सहायक सामग्री एवं पहुँचयुक्त शैक्षिक सामग्री एवं शिक्षणविधि प्रयोग गरिएको छ ?

व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न निरन्तर लागिपरेको संस्था भएकाले तथा अहिले पनि ठूलो सङ्ख्यामा अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर रहेको सन्दर्भमा यो भर्ना अभियानमा यसले महत्वपूर्ण र नेतृत्वदायी भूमिका निर्वाह गर्नैपर्छ ।

नेपाल सरकारले सञ्चालन गरिरहेको अभियानलाई सहयोग पुऱ्याउनकै लागि माथि भनिएका सवालहरूलाई प्राथमिकतामा राखेर महासङ्घले केन्द्रीय समिति एवं यसका क्षेत्रीय तथा जिल्लास्तरमा सक्रिय सञ्जालहरूमार्फत यस अभियानलाई सहयोग हुनेगरी दवावमूलक एवं अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । पचहत्तर वटै जिल्लामा छरिएर काम गरिरहेका महासङ्घका सदस्य संस्थाहरूले आ-आफ्ना स्थानमा जिल्ला शिक्षा कार्यालय, लेखाजोखा केन्द्र, विद्यालय व्यवस्थापन समिति/ अभिभावक र विद्यालयसँग मिलेर यस अभियानमा सघाइरहेको बताउनुहुन्छ महासङ्घका केन्द्रीय अध्यक्ष सुदर्शन सुवेदी ।

## चुनौती एवं समस्या

यति हुँदाहुँदै पनि अपाङ्गता भएका बालबालिकाको विद्यालय भर्ना अभियानमा केही

समस्या एवं चुनौती छन् । तिनलाई सम्बोधन नगरी अपेक्षित उपलब्धिहरू हासिल हुनसक्ने अवस्था देखिंदैन ।

- अपाङ्गता भएका बालबालिकाको शिक्षाका लागि परिवार, समुदाय र विद्यालयहरू पूर्णरूपमा तयार नहुनु,
- पूर्वाधार विकासमा कमी,
- सहायक सामग्री एवं शैक्षिक सामग्रीको अपर्याप्तता,
- भएका नीति कार्यान्वयनमा शिथिलता,
- अपाङ्गता अनुकूलनको दृष्टिकोण, पाठ्यसामग्री, शिक्षणविधि एवं पद्धति, मूल्याङ्कनमा समस्या रहनु,
- संस्थागत समन्वय एवं साझेदारीमा कमी ।

यस किसिमका चुनौती एवं समस्या हुँदाहुँदै पनि नेपाल सरकारले विद्यालयबाहिर रहेका अपाङ्गता भएका बालबालिकालाई विद्यालय प्रवेश गराउने, उनीहरूलाई विद्यालयमा लामो समयसम्म टिकाइराख्ने र टिकेका विद्यार्थीलाई अधिकतम सिकाइ उपलब्धि हासिल हुनेगरी अध्ययन-अध्यापन गराउने कार्यक्रमहरू सञ्चालन गर्ने प्रयास गर्नु आफैंमा सकारात्मक कार्य हो । तथापि, पर्याप्त तयारी एवं प्रतिबद्धताबिना नै गरिने यस्ता कार्यक्रमबाट खासै उपलब्धि हासिल हुन नसकेका उदाहरण प्रशस्त छन्, हाम्रा अगाडि ।

नेपाल सरकारले केही समय अघिदेखि हरेक वर्ष नै यस किसिमको अभियान सञ्चालन गर्दै आइरहेको छ । त्यति हुँदाहुँदै पनि धेरै अपाङ्गता भएका बालबालिका विद्यालय पुग्न सकेनन् वा पुगेका पनि विद्यालयमा टिकिरहन सकेनन् । त्यसको अर्थ हो– नियमित प्रक्रियाबाट उनीहरूलाई विद्यालय भित्र्याउने प्रक्रियामै कमजोरी छ भन्ने धारणा राख्नुहुन्छ राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका महासचिव राजु बस्नेत । उहाँ भन्नुहुन्छ, "अवरोधहरूको विश्लेषण एवं त्यसको उपयुक्त ढङ्गबाट सम्बोधन नगरी सञ्चालन गरिने यस किसिमका अभियानले सार्थक परिणाम दिन सक्दैनन् ।"

शिक्षा विभागले स्पष्टरूपमा विद्यालयभित्र एवं बाहिर रहेका अपाङ्गता भएका विद्यार्थीबारे यकिन तथ्याङ्क दिन नसक्नु, देशभरि सञ्चालन भइरहेको यस अभियानबारे विद्यालयका प्रधानाध्यापक एवं शिक्षकहरू नै अनविज्ञ हुनु, लक्षित वर्गका विद्यार्थीलाई विद्यालयमा स्वागत गर्नका लागि आवश्यक तयारी नगरिनु जस्ता तथ्यले वर्तमान अभियानको प्रभावकारी कार्यान्वयनमा शङ्का गर्ने प्रशस्त स्थान सिर्जना गरेका छन् ।



## अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा टिकाउन पहल

■ गोरखापत्र समाचारदाता

काठमाडौं, वैशाख १० गते। अपाङ्गता भएका विद्यार्थीलाई दृष्टिगत गरी विद्यालय भर्ना अभियानको कार्यक्रमलाई प्रभावकारी हिसाबले अगाडि बढाउनुपर्नेमा जोड दिइएको छ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले शुक्रबार राजधानीमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा शिक्षा विभागका उपनिर्देशक गणेश पौडेलले अपाङ्गता भएका विद्यार्थीलाई कक्षामा भर्ना गर्ने, टिकाउने र सिकाउने गरी व्यवस्था मिलाउन जिल्ला शिक्षा कार्यालयहरूलाई आग्रह गरिएको बताउनुभयो।

अहिले विद्यालय भर्ना अभियान सञ्चालन भइरहेको छ। सबै किसिमका अपाङ्गता भएका बालबालिकालाई स-सम्मान विद्यालयमा भर्ना गराउनुपर्छ भन्ने मान्यतामा सरकार रहेको उहाँले बताउनुभयो।

उहाँले शारीरिक अपाङ्गता भएका विद्यार्थीलाई विद्यालयमा ल्याउने जिम्मेवारी सबैभन्दा नजिकको विद्यालयको भएको उहाँको भनाइ छ। शिक्षा विभागको तथ्याङ्कअनुसार हाल पाँच लाख ४१ हजार विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालयभन्दा बाहिर छन्। त्यसमध्ये झन्डै दुई प्रतिशत बालबालिका विभिन्न खालको अपाङ्गता रहेको विभागको भनाइ छ। शारीरिकलगायतका विभिन्नखाले अपाङ्गता भएका व्यक्तिका अभिभावकले ती बालबालिकालाई विद्यालय जान नदिई घरमै राखिदिने, अपाङ्गताको बारेमा जानकारी नदिने गरिदिंदा समस्या आएको उहाँको भनाइ छ।

कार्यक्रममा सहभागीले अपाङ्गता भएका विद्यार्थी अध्यापन गराउने शिक्षकलाई तालिम उपलब्ध गराउनुपर्ने, आवश्यक मात्रामा बजेटको विनियोजन गर्नुपर्ने, अपाङ्गता भएका विद्यार्थीलाई उपयुक्त हुने खाले पाठ्यक्रमको विकास गर्नुपर्ने, गणितलगायतका केही विषयको अध्ययनमा अपाङ्गता भएका ऐच्छिक गराइन पर्नेमा जोड दिएका थिए।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीले विद्यालयको भौतिक संरचना अपाङ्गतामैत्री हुन नसकेको उल्लेख गर्दै विद्यालय भर्ना अभियानको कार्यक्रमले अपाङ्गता भएका विद्यार्थीलाई प्राथमिकतामा राखेर अघि बढाइनुपर्ने विचार व्यक्त गर्नुभयो।

## अन्त्यमा,

नेपाल सरकारले प्राथमिकता दिएर सञ्चालन गरिरहेको यस कार्यमा शङ्काको दृष्टिकोणले मात्र हेर्नुभन्दा सम्बन्धित विभिन्न क्षेत्रका व्यक्ति एवं निकायहरूसँग मिलेर काम गर्न सकियो भने पनि थुप्रै अपाङ्गता भएका बालबालिकाले उमेश र सीताको जस्तो नियति भोग्नु पर्दैन थियो कि !

*(लेखक राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालमा कार्यरत हुनुहुन्छ ।)*



# अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच



■ **राजेशमान के.सी.**

राजपत्रमा प्रकाशन गरेर नेपाल सरकारले २०६३ (सन् २००७) सालमा दिएको आधिकारिक परिभाषामा भनिएको छ– अपाङ्गता भन्नाले शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा विद्यमान समस्या अथवा कठिनाइको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणबाट सिर्जना भएको सञ्चारसमेतको अवरोधले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन र सम्मानपूर्ण जीवनयापन गर्न कठिन हुने अवस्था हो ।

त्यही परिभाषा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई शारीरिक अपाङ्गता, दृष्टिविहीन अपाङ्गता, सुनाइसम्बन्धी अपाङ्गता, श्रवण–दृष्टिविहीन अपाङ्गता, स्वर–बोलाइसम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता र बहु–

अपाङ्गता गरी ७ प्रकारमा वर्गीकरण गरिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको अपाङ्गतासम्बन्धी प्रतिवेदन, २०११ मा प्रकाशित विवरण अनुसार, विश्व जनसङ्ख्याको १५ प्रतिशत अर्थात् १ अर्बभन्दा बढी मानिसमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । त्यसमा पनि अधिकांश अर्थात ८० प्रतिशत यस्ता अपाङ्गता भएका व्यक्ति हाम्रो जस्तो विकासोन्मुख मुलुकमै बसोबास गर्छन् । नेपालको पछिल्लो जनगणना (२०६८) अनुसार अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या कुल जनसङ्ख्याको झण्डै २ प्रतिशत रहेको छ । यो तथ्याङ्कलाई आधार मान्दा नेपालमा अहिले ५ लाखभन्दा बढी व्यक्ति कुनै न कुनैरूपमा अपाङ्गताको जीवन बिताइरहेका छन् भन्ने कुरा स्पष्ट छ ।

जनसङ्ख्याको ठूलो हिस्सा ओगटेर बसेका अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा ससम्मान पुनःस्थापना गरी राष्ट्रिय मूलधारमा ल्याउन सकिए अवश्य पनि उनीहरूले समाजका लागि, राष्ट्रका लागि महत्वपूर्ण योगदान गर्न सक्छन् । त्यसका लागि उनीहरूलाई चाहिने पहिलो र प्राथमिक आवश्यकता भनेको शिक्षा हो । यो यथार्थलाई ध्यान दिएर नेपालको संविधान (२०७२) ले पनि शिक्षालाई मौलिक अधिकारको रूपमा अङ्गीकार गरेको छ । अपाङ्गता भएका बालबालिकालाई निःशुल्क उच्च शिक्षाको हक हुने साथै दृष्टिविहीन व्यक्तिहरूले ब्रेललिपि एवं बहिरा व्यक्तिहरूले साङ्केतिक भाषामा शिक्षा लिन पाउने भनी स्पष्टरूपमा उल्लेख गरिएको छ ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको हक, हित र समुत्थानका लागि बनेको अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा अपाङ्गता भएका व्यक्तिहरूका लागि शैक्षिक व्यवस्थाबारे केही महत्वपूर्ण प्रावधान गरिएको पाइन्छ । जम्मा २५ वटा दफा समेटिएको त्यस ऐनको दफा ६ मा अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क शिक्षाको प्रावधान रहेको छ भने शैक्षिक छात्रवृत्तिको समेत व्यवस्था गरी अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच बढाउने उद्देश्य राखिएको छ ।

त्यसैगरी, शिक्षा नियमावली, २०५९ को निःशुल्क शिक्षासम्बन्धी व्यवस्था अन्तर्गत अपाङ्गता भएका विद्यार्थी, विशेषगरी दृष्टिविहीन विद्यार्थीका लागि परीक्षामा एकतह मुनिको सहयोगी लेखकको व्यवस्था गर्ने तथा सम्बन्धित परीक्षा निरीक्षक वा केन्द्राध्यक्षले ३ घण्टाको परीक्षामा १ घण्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउन सक्ने प्रावधान रहेको छ ।

नेपाल सरकारको अपाङ्गसम्बन्धी नीति तथा कार्ययोजना, २०६३ ले पनि अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सुनिश्चितताका लागि भनी विभिन्न १७ वटा प्राथमिकता क्षेत्र छुट्याएको छ, जस अन्तर्गत बुँदा ९ मा शिक्षा पर्दछ । यसमा विद्यालय जाने उमेरका ५० प्रतिशतभन्दा बढी अपाङ्गता भएका बालबालिकालाई निःशुल्क गुणस्तरीय प्राथमिक शिक्षा उपलब्ध गराउने कुरा उल्लेख छ । शिक्षा ऐन, २०२८ को संशोधित व्यवस्थामा पनि शिक्षा सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था छ । यो व्यवस्था अन्तर्गत 'अपाङ्गता भएका व्यक्तिहरूले शिक्षा सेवा आयोगद्वारा शिक्षक पदपूर्तिका लागि आह्वान गरिएको विज्ञापनमा समावेशीतर्फको आरक्षित कोटामा तोकिएको प्रक्रिया अनुसार आवेदन गरी तोकिएको प्रणाली अनुसार प्रतिस्पर्धामा सम्मिलित हुन पाउने' भनिएको छ ।

त्यस्तै, नेपाललगायत विश्वभरिका अपाङ्गता भएका व्यक्तिहरूको हक, हित र अधिकार सुनिश्चितताका लागि सबैभन्दा महत्वपूर्ण दस्तावेज संयुक्त राष्ट्रसङ्घीय महासन्धि (यूएनसीआरपीडी), २००६ हो । राष्ट्रसङ्घको ६१ औं महासभाले सन् २००६ डिसेम्बर १३ तारिकका दिन पारित गरेको यो महासन्धिलाई नेपालले सन् २००९ को डिसेम्बर २७ मा अनुमोदन गरिसकेको छ ।

जम्मा ५० वटा धारा समेटिएको यस महासन्धिको धारा २४ मा पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि शैक्षिक अधिकारसम्बन्धी स्पष्ट व्यवस्था रहेको छ । विशेषगरी यस धाराले समावेशी शिक्षामा जोड दिएको छ, जस अनुसार सबै पक्षराष्ट्रले बिनाभेदभाव र समानताका आधारमा अपाङ्गता भएका बालबालिकालगायत सबै वर्ग, जातजाति, धर्म, संस्कृति र समुदायका व्यक्तिहरूका लागि शिक्षामा पहुँच अभिवृद्धि गर्न समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ ।

यति हुँदाहुँदै पनि नेपालका झण्डै ६०

प्रतिशतभन्दा बढी अपाङ्गता भएका बालबालिका शिक्षाको उज्यालो घामबाट अझै पनि वञ्चित छन् । यो अत्यन्त दुःखलाग्दो कुरा हो । सरकारले यस वर्ष विद्यार्थी भर्ना अभियानका क्रममा अपाङ्गता भएका बालबालिकालाई विशेष प्रोत्साहन गर्ने नीति लिएको देखिन्छ । निश्चय पनि यसलाई सकारात्मकरूपमा लिन सकिन्छ तर नीति निर्माण गरेरमात्र हुँदैन त्यसलाई प्रभावकारीरूपमा कार्यान्वयन गरेर देखाउनु पनि पर्छ । त्यसका लागि सम्भव भएसम्म देशका ७५ वटै जिल्लामा सम्बद्ध निकायको सहयोग र समन्वयमा विद्यालय जानबाट वञ्चित अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकाको यथार्थ विवरण सङ्कलन गरी भर्नाका लागि प्रोत्साहन गर्न घरैदैलो कार्यक्रम पनि सञ्चालन गर्न सकिन्छ ।

हामी नबिर्सौं– कुनै पनि बालबालिकाको पहिलो पाठशाला भनेको घर हो र अभिभावक नै उसको पहिलो गुरु वा शिक्षक पनि हुन् । त्यसैले अपाङ्गता भएका बालबालिकालाई विद्यालय भर्नाको कुरा गरिरहँदा उनीहरूका अभिभावकलाई पनि सचेतना गराउनु आवश्यक छ । मुख्य कुरा त त्यसका लागि उनीहरूलाई आफ्ना बालबालिकामा अपाङ्गता छ भनेर हीन भावना नराख्न र अपाङ्गता भएका व्यक्तिहरूले पनि उचित शिक्षा हासिल गर्ने आवसर पाएको खण्डमा परिवारका लागि, समाजका लागि महत्वपूर्ण योगदान गर्न सक्छन् र गरिरहेका छन् भन्ने कुराको जानकारी र विश्वास दिलाउन अभिभावकका लागि छुट्टै भेला वा अभिमुखीकरण तालिमको व्यवस्था गर्नु आवश्यक र उपयुक्त देखिन्छ ।

यति हुँदाहुँदै पनि असमान भौगोलिक बनावट, गरिबी र अपाङ्गताबीचको निकट सम्बन्ध, अपाङ्गताप्रतिको नकारात्मक र पुरातनवादी दृष्टिकोण, उनीहरूलाई समान अधिकार र अवसरको दृष्टिकोणबाट भन्दा पनि दया र उपकारमुखी दृष्टिकोणबाट हेर्ने प्रवृत्तिले गर्दा नेपालमा अपाङ्गता भएका अधिकाश बालबालिका शिक्षा पाउने नैसर्गिक अधिकारबाट अझै पनि वञ्चित रहनु परिरहेको छ । त्यसमाथि शिक्षण संस्थाहरूका भौतिक संरचना नै अपाङ्गतामैत्री हुन नसक्नु, उनीहरूको अध्ययन अनुकूल पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरूको पर्याप्त व्यवस्था हुन नसक्नु अनि राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरूप घरेलु कानुनहरू निर्माण गर्न नसक्नु जस्ता कारणले गर्दा अपाङ्गता भएका अधिकांश बालबालिका शिक्षा प्राप्त गर्ने सुनौलो अवसरबाट वञ्चित हुनुपर्ने अवस्था रहेको देखिन्छ ।

शिक्षामा अपाङ्गता भएका बढीभन्दा बढी बालबालिकाको पहुँच अभिवृद्धि गर्न सरकारले विभिन्न अपाङ्गतामैत्री शैक्षिक योजना कार्यान्वयनमा ल्याउनु आवश्यक छ भने समावेशी शिक्षाको मूल्य–मान्यता अनुरूप सम्बन्धित सरोकारवालाहरूका सुझाव र सहमतिमा पाठ्यक्रम र पाठ्यपुस्तकमा समयसापेक्ष सुधार गर्दै जानुपर्ने आवश्यकता देखिन्छ ।

सबैभन्दा प्रमुख कुरा उनीहरूले अध्ययन गर्ने शिक्षण संस्थाका भौतिक संरचना अपाङ्गतामैत्री बनाउने, दृष्टिविहीन बालबालिकाले अध्ययन गर्ने पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा सञ्चारका आधुनिक प्रविधि जस्तैः सिडी, पेनड्राइभ, मोबाइल, कम्प्युटर आदि जस्ता साधन उपयोग गर्ने व्यवस्था मिलाउने र दृष्टिविहीन विद्यार्थीका हकमा उनीहरूको संवेदनशील अवस्थालाई दृष्टिगत गरी हाल एकीकृत परीक्षा प्रणाली अन्तर्गत सोधिने गरिएको गणित, चित्रात्मक वा दृश्यात्मक प्रश्नपत्रहरूको साटो दृष्टिविहीन विद्यार्थीहरूका लागि मात्रै भन्ने स्पष्ट सङ्कत हुनेगरी वैकल्पिक प्रश्नपत्रको व्यवस्था हुनु अति नै आवश्यक देखिन्छ । किनकि, विद्यमान परीक्षा प्रणाली अन्तर्गत दृष्टिविहीन विद्यार्थीलाई सोधिने यस्ता प्रश्नपत्रहरूको व्यवस्थाले उनीहरू अत्यन्तै मर्कामा परिरहेका छन् । यसबाट उनीहरू अध्ययनका दृष्टिले प्रतिभावान भए पनि अन्य परीक्षार्थीसँग प्रतिस्पर्धा गर्न कठिनाइ महशुस गरिरहेका छन् ।

निश्चय पनि अपाङ्गता भएका बालबालिकाले यदि अन्य बालबालिकासरह शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाउने अवसर प्राप्त गर्ने र अवसरहरूको पूर्ण सदुपयोग गर्न समेत पाउने हो भने उनीहरू समाजका लागि कुशल र उत्पादनशील नागरिक बन्न सछन् ।

*(लेखक दृष्टिविहीन अभिभावक सङ्घ नेपालका अध्यक्ष हुनुहुन् ।)*




# INCLUSIVE TOURISM

## What it means for the




■ Major Pawan Ghimire

In April 2006, I decided to go for a tour with my friends and that was my first move out of the house for a longer days and the longer distance after my blindness in 2003. Since , it hadn't been long time of my blindness, the same enthusiasm and activeness were still there in me. The very next morning six of us headed to Rasuwa. Being a new blind and moving with my normal peer's issues of disability was not a serious concern to me. The bus we travelled had a congested seats, the hotel we halted for a lunch was completely

# persons with disability

messed up and where I spent my night was awful. When I could see, I had often used the same services and facilities during my outing so, I didn't realize the difficulties that a person with disability could encounter during their move out.

Few months back ,I happened to attend a talk show on inclusive tourism organized by Four Seasons Tours and Travel at the Hotel Radisson , which forced me to go back to that days of my outing with my friends ten years before. Thanks to the Four seasons Tours and travels for raising the issues of inclusive tourism. In that talk show, I acclaimed them for adding one more season by raising this issues and need of adding another one more season as there happens to be six seasons in Nepali calendar. My view to add the sixth seasons by incorporating people with disability in the tourism sectors as an employee and the employer did bear the significant value in itself.



Inclusive tourism is of course a new raised issue in the field of disability. Nevertheless, its importance to eradicate poverty of persons with disability have been felt crucial since the day of initiation of disability movement in Nepal. However, this issue couldn't take the impetus as it got over shadowed by other fundamental issues of the persons with disability. In the earlier days, the priority of the disabled community was mainly for education, creating awareness and advocating for their rights. As a positive sign of disability movement being launched time to time here in Nepal, significant progresses have been traced out in addressing the needs and issues of persons with the disability.

The ratification of United Nation's Convention on the Right of Persons with Disability [UNCRPD] in December 2009 by the Nepal Government has also provided ample of spaces for persons with disability to get involved and mainstream their

issues. Among the several sectors for the involvement of persons with disability being explored, inclusive tourism known as accessible tourism is also the one. An article thirty of the "UNCRPD" quotes in making public places, amusements and recreational places including tourism services and destinations to be accessible for all kind of persons with disability. According to the European Union's strategy on inclusive tourism, every services and products related to tourism business have to be in a universal design. Thus, at the present context, accessible tourism has to be taken from the human right perspective and stepped with the motto of universal design ahead as well.

The Tourism sectors also have gradually been identified as a potential sector of disability engagement as it is largely associated with the employability and amusement of the disability community. Moreover, word tourism can be disintegrated into two parts i.e. Tour and the ism and the tourist and his ism. If all persons involved in tourism sectors as entrepreneurs or as the tourist can keep up their ism and ethic, inclusive tourism is not a big challenge. A wide thought and the humanitarian aspiration to include persons with disability in tourism sectors through the means of employee, employers and creating a conducive environment to fascinate tourist with disability can really contribute in making the concept of accessible tourism a real. However, since a long time this issue has only remained as talk of the town as attitudinal and structural barriers have always hindered in effective involvement of persons with disability.

Countless number of people with



disability is there who bear the capacity to spend lavishly if opportunity is being given. In addition to it, appreciable people with disability do bear the capacity to make investment in the tourism sectors. However, geographical challenges, the lack of accessible tourist buses, hotels, information disseminating system and accessible roads and tracks have been the major causes of distracting the tourist with disability. The persistence of general concept of taking ramps only as the means of accessibility should be modified as blind, low vision, deaf have their own necessities.



Guides with enough knowledge on guiding the blind visitors, communicating in sign language with deaf and providing information in Braille, larger front, caustic and sign language can be the best means of attracting people with disability in tourism field.

A businessman of any sectors takes their customers as their God. So why not to accept these people with disability as one of the God. Lets create such an environment and let be blessed. Blessing here means persons with disability recommending or speaking on behalf of the services which aid them in taking the full pleasure of the stay in hotel, using the bus services, enjoying the majestic views regardless of their disabilities. This will of course leave a greater pace that if persons with disability can be satisfied from the services then it is of course accommodative for the elderly and sick people as well. Using Rajesh Hamal or Rekha Thapa might not always work as the brand ambassador of the tourist destinations or the tourist services because the beauty of nature and beauty of human sentiments cannot be compared with the skinny beauty they have. Using the persons with disability as a brand ambassador of the tourism services will definitely add human sentiments and leave good message in the society.

The majestic natural beauty of Nepal that extends from top of the white Himalayas to the foot ofTerai, Conservation areas, trekking trails and countless numbers of temples have been the major tourist destinations. These locations are not only attracting more numbers of tourists but are equally creating opportunities of employability for both able bodied and persons with disability. However,



involvement of persons with disability has been traced out to be in a scanty amount. It's not because persons with disability do not bear capacity to work in tourism sectors or run their business but in fact , it's due to the lack of awareness, favorable working environment and policies in national level .

A collaborative support is thus equally expected from mainstreaming tourism business entrepreneurs to help in providing ample of spaces for persons with disabilities to get involved as an employee and entrepreneur. This can simply be done by making their Organizational policies and business development plans an inclusive one. Opportunities should be given to interested persons with disability as per their physical strength and capability. This trend of working together for a common goal can make the vision of tourism for all come real.

In the context of professional adjustment of persons with disability becoming a great challenge for the Government and persons with disability needing a means of entertain and amusement to come out of the mental



stress and trauma they have, situation demands a need of collaborative effort from public and private sectors to convert existing tourism business into an inclusive one. This is not only about respecting the human aspiration of one group but is also about ensuring their fundamental rights as well .

*(Ghimire is the president of Cricket Association of the Blind Nepal.)*

# रुँदै गर्दा छाडेका नवीन फर्कंदा मुस्कुराउँदै ...



■ उत्तम शिवाकोटी

म पनि धेरैखाले अशह्य शारीरिक पीडालाई जित्दै यहाँसम्म आइपुगेको मान्छे । मेरै समकालीन साथीको रुवाइयुक्त आवाज फोनबाट सुनेपछि मलाई आन्दोलित बनायो । तुरुन्त कार्यालय पुग्दा अत्यन्तै पीडाको अवस्थामा पाएँ नवीनलाई । दुवै आँखाबाट बलिन्द्र आँशुका धारा बगिरहेको, मुखबाट ऐया ऐया, मरँ मरँको आवाज, औषधि प्रयोग गर्ने क्यानेला लगाएका कामिरहेका हात देखेपछि मैले सोधेँ– के भयो नवीन भाई ?

उनले अस्पष्ट स्वरमा रुँदै सुनाए– हिजो राती १२ बजेबाट हातमा आन्तरिक रक्तस्राव (हेमोफेलिया) का कारण मर्नलागे । राती नै विराटनगरको नोबल हस्पिटलमा केही उपचार गरेर बिहान यहाँ अफिसमा आएको तर दुखाइ कम भएकै छैन ।

मैले यो पीडाबाट मुक्ति पाउने उपाय के हो, किन यहाँ बसेको, अस्पतालमै बस्नुपर्दैन थियो भनेँ । उनले रुँदै जवाफ दिए– भर्खरै सुइ (इन्जेक्सन) लगाएको तर पनि दुखाइ कम भएन दाई ! म अर्को डोज दबाइ लगाउँछु । मलाई सहयोग गरिदिनु र पानी पनि दिनु । थप दबाइ पनि खान्छु । मर्न आटेँ ।

मैले पानी दिएँ र सुइ लगाउन सहयोग गरिदिएपछि आफैँ थर्थराइरहेका हातले सुइ पनि लगाए । त्यो देखेर मैले सोचेँ– परिस्थितिले मानिसलाई सानोतिनो डाक्टर पनि बनाउँदोरहेछ । उनी बोल्न नसक्ने बनिरहेका थिए तर पनि मैले सोधिरहे– यस्तो अवस्थामा पहिले के गर्ने गरेको थियो ?

उनले लर्बराएको स्वरमा भने– यस्तो बेलामा फ्याक्टर (Factor) भन्ने औषधि लगायो भने ठीक हुन्छ तर त्यो जहाँतहीं पाइँदैन । सुनसरीको इटहरीमा हेमोफेलियाका साथीहरूले मिलेर केही दबाइ राखेका छन् । एकदमै आवश्यक पर्दामात्र दिन्छन् । त्यो ल्याउन सकियो भने म ठीक हुन्छु ।

नवीनको त्यो भनाइ सुनेर हामी कस्तो अव्यवस्था भएको देशमा जन्मेछौं, जहाँ पीडामा छट्पटाएर मर्नेबेलामा चाहिएको औषधि पनि पाइँदैन भन्ने सोचेर मलाई सारै पीडा भयो ।

यो प्रसङ्ग कात्तिक २४ गतेको दिन राष्ट्रिय अपाङ्ग महासङ्घको क्षेत्रीय कार्यालयको हो । तिहारको बिदाको अन्तिम दिन सबै घर जाने

तयारीमा जुटिरहेको समयमा क्षेत्रीय कार्यालयमा हेमोफेलियाबाट प्रतिनिधित्व गर्ने पाँचथरका नवीन ढुङ्गेलको हो । कात्तिक २३ गते राती कार्यालयकै लेखापाल सरोज नेपालीको कोठामा सुतेका नवीनलाई आधारातबाट भएको आन्तरिक रक्तस्राब, उनले भोग्नुपरेको पीडा र ढिलै भए पनि पीडालाई जितेपछिको आत्मविश्वासलाई यहाँ प्रस्तुत गर्न लागेको छु ।

**पहिलो प्रसङ्ग** : हेमोफेलिया पनि अपाङ्गताको कारणमध्ये एक हो । यो समस्या सङ्ख्यात्मकरूपमा थोरै नै छ तर सचेतनाको अभावमा पहिचान नै नभई मृत्युवरण गर्नेहरूको सङ्ख्या पनि उल्लेख्य रहेको सम्बन्धित क्षेत्रमा काम गर्नेहरू बताउँछन् । हेमोफेलियाका कारण शरीरको बनावटमा समस्या आउनेदेखि विभिन्न शारीरिक जोखिमहरू आउने गर्छ । बाह्य र अन्तरिकरूपमा हुने रक्तस्रावका कारण उनीहरूको जीवन सदैव जोखिममा हुनेगरेको छ ।

**दोस्रो प्रसङ्ग** : जीवनमा पहिलो पटक हेमोफेलियाको जटिलता नियालेपछि म के निस्कर्षमा पुगेको छु भने जनसङ्ख्याको सानो हिस्सालाई यो समस्या रहेको हुँदा सबै स्थानीय तहमा राज्यले उपचारको पहुँच पुऱ्याउँछ भन्ने सोच्नु बुद्धिमानी हुनेछैन । त्यसकारण उनीहरूको पहिचान गरी निश्चित स्वास्थ्य संस्थामा साधन स्रोत पुऱ्याउने दिशामा राज्यले काम अगाडि बढाउनुपर्छ । हेमोफेलियाका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई उपचारमा पहुँच पुग्ने स्थानमा रोजगारी र स्वरोजगारीका सम्भावनाहरूको पहिचान गरिनुपर्छ । यस्तो समस्या भएका व्यक्तिहरूको उपचारका लागि औषधिको सदैव अभाव रहने र औषधि भण्डारण प्रक्रिया पनि विशेष किसिमले गर्नुपर्ने भएको हुँदा धेरै स्थानमा भन्दा पनि निश्चित स्थान तोकेर संरचना विकास गर्नु आजको आवश्यकता हो । औषधि नपाएर छट्पटाएर मृत्युवरण गर्ने अवस्था अन्त्य गर्न आम सरोकारवाला निकायको ध्यान केन्द्रित गरी योजनाबद्ध ढङ्गबाट अगाडि बढ्न ढिलो भइसकेको महशुस भएको छ ।

**तेस्रो प्रसङ्ग** : तिहारको बिदा सकेर कात्तिक ३० गते कार्यालय पुगेँ । नवीन कार्यालयमै मुस्कुराउँदै कम्पुटरमा काम गरिरहेका रहेछन् । मैले "भाइ के छ ?" भनेपछि दाइ म एकदम ठीक छु भन्दै मुस्कानसहित हात मिलाउन लम्किए । म त तीनछक्क परें– जाँदा रुँदै गरेका नवीन फर्कंदा त दिल खोलेर मुस्कुराउँदै थिए । मनमनै लाग्यो– भर्खरैको त्यति ठूलो पीडालाई कस्तो मजाले पचाएछन् । अनि सोचें– सायद बारम्बारको पीडाले अभ्यस्त भए होलान् ।

वास्तवमा हामी कठिन शारीरिक अवस्था भएका अपाङ्गता भएका व्यक्तिहरू सदैव दुईवटा त्रासका बीच मुस्कुराएर बाँचिरहेका छौं– एउटा शारीरिक चुनौतीको त्रास र अर्को कठिनाइ हुँदाहुँदै पनि भविष्य निर्माणको त्रास । कहिले शारीरिक पीडाले हामीलाई शिथिल बनाउँछ त कहिले अपाङ्गताका कारण भोगेका अवरोधहरूले हामीलाई थकित तुल्याउँछन् । फेरि पीडा र अवरोधसँग सङ्घर्ष गर्छौं अनि फेरि सुरु हुन्छ– मुकानसहितको दुईवटा त्रासका बीच हाम्रो यात्रा ।

वास्तवमा हामी धेरै आशावादी मान्छे पनि हौं भन्न मन लाग्छ किनकि अरूलाई जस्तो प्रशस्त अवसर, प्रेरणा, वातावरण र समय हामीसँग छैन । जिम्मेवारी, कर्तव्य र सपना भने समान छन् । तिनलाई पूरा गर्नु नै छ, चाहे सम्भव होस् वा नहोस् । यही बाटोमा मैले नवीनको अनुहारमा खुशी पनि देखें, जीत पनि देखें ।

*(लेखक राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पूर्वाञ्चल क्षेत्रीय संयोजक हुनुहुन्छ ।)*




# महासङ्घले सञ्चालन गरिरहेका

---

# परियोजना र उपलब्धि




## अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण

डी.पी.ओ.डी. डेनमार्कसँगको साझेदारीमा सन् २०१३ बाट सुरु भएको अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणसम्बन्धी परियोजना यतिबेला चौथो वर्षमा प्रवेश गरेको छ । जिल्ला कार्य समितिमार्फत १० वटा जिल्ला (झापा, इलाम, नुवाकोट, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, जुम्ला, सुर्खेत, कैलाली र बैतडी) मा र केन्द्रमा विभिन्न गतिविधिसहित यो परियोजना सञ्चालन भइरहेको छ । यस अन्तर्गत केन्द्रीयस्तरमा राष्ट्रिय नीति तथा कार्ययोजना निर्माणमा पहल गर्ने, महासङ्घका विभिन्न संरचनामा सुशासनलाई सुदृढ गर्ने र जिल्ला कार्य समिति तथा गाउँ तहमा काम गरिरहेका अपाङ्गता भएका व्यक्तिका स्वावलम्बी समूहहरूको क्षमता विकास गर्ने र विपद् व्यवस्थापनमा अपाङ्गताको समावेशीकरणका लागि काम हुँदै आएका छन् ।

केन्द्र र जिल्लामा गरी १३ जना कर्मचारी कार्यरत यो परियोजना अन्तर्गत भएका गतिविधिबाट केही राम्रा उपलब्धि हासिल भएका छन् । यस परियोजनाले १० वटा जिल्लामा १११ वटा स्वावलम्बन समूह गठन गरी ती समूहमार्फत ७५९ जना अपाङ्गता भएका व्यक्ति र अपाङ्गता भएका व्यक्तिका ७६ जना अभिभावकलाई प्रत्यक्षरूपमा सङ्गठित गरी अपाङ्गता अधिकार अभियानमा संलग्न गराएको छ ।

बितेका ६ महिनाभित्र यस परियोजना अन्तर्गत केन्द्रीय एवं जिल्लास्तरमा परियोजना सञ्चालन समिति एवं जिल्ला च्याप्टरहरूको त्रैमासिक बैठकहरू सञ्चालन गर्ने, महासङ्घको वेबसाइटलाई नियमितरूपमा अद्यावधिक गर्ने, वार्षिकरूपमा परियोजनाको समीक्षा गर्ने, विभिन्न जिल्ला च्याप्टर एवं स्वावलम्बन समूहहरूको

नियमित अनुगमन गर्ने जस्ता नियमित क्रियाकलापका साथै अन्य कामसमेत भएका छन् ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नेतृत्वमा पुनरावलोकन एवं पुनर्लेखन भइरहेको अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ को महासङ्घकै पूर्ण सक्रियतामा प्रारम्भिक मस्यौदा, २०७२ तयार गर्ने काम भइसकेको छ । प्रारम्भिक मस्यौदाको तयारी एवं त्यसमा विभिन्न सम्बन्धित क्षेत्रको सुझाव लिई अन्तिमरूप दिने प्रक्रियाका लागि सञ्चालन गरिने कार्यक्रमहरूमा यस परियोजनाले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । त्यसै सन्दर्भमा हालसम्म केन्द्रीयस्तरमा बाहेक पूर्वाञ्चल विकास क्षेत्र, मध्यमाञ्चल विकास क्षेत्र, पश्चिमाञ्चल विकास क्षेत्र एवं सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा समेत प्रारम्भिक मस्यौदामा सुझाव सङ्कलन कार्यक्रम सम्पन्न भइसकेका छन् ।

यसै अवधिमा भूकम्पबाट अप्ठ्यारोमा परेका एवं यो परियोजना सञ्चालन भइरहेका सिन्धुपाल्चोक एवं नुवाकोट जिल्लामा क्षतिको विस्तृत अनुगमन गरी प्रतिवेदन तयार गरियो । ती क्षेत्रमा सहयोग आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूका निम्ति विशेष सहयोगका लागि साझेदारसँग अनुरोध गरी ती जिल्लाका जिल्ला च्याप्टरहरूसँगको समन्वयमा राहत वितरण कार्यक्रम सञ्चालन गरियो ।

यसै अवधिमा डीपीओडी डेनमार्कको परियोजना टोलीले महासङ्घको अनुगमन भ्रमण गरेको छ । त्यसक्रममा डेनमार्कको टोली तथा महासङ्घको केन्द्रीय समिति एवं परियोजना टोलीबीच बैठक भयो । अनुभव आदानप्रदान गर्ने अर्को संयुक्त बैठकमा महासङ्घको केन्द्रीय कार्यालयका साथै विभिन्न जिल्लाका अपाङ्गता अधिकार अभियानकर्ताहरूले समेत आ-आफ्ना जिल्लामा सञ्चालित परियोजनाबारे जानकारी गराउने काम भयो । डेनिस टोलीले गत वैशाखको भूकम्पले क्षतविक्षत बनाएको नुवाकोट जिल्लाका केही गाविस एवं ती गाविसमा सञ्चालित स्वावलम्बन समूहहरूको अवलोकन भ्रमणसमेत गऱ्यो ।




यसका साथै अपाङ्गता भएका व्यक्तिहरूको २४औं अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा विभिन्न जिल्ला एवं केन्द्रीयस्तरमा समेत विभिन्न कार्यक्रम सञ्चालन, कास्की, नुवाकोट, कैलाली र डोटी जिल्लाको अनुगमन, महासङ्घको सुशासन नीतिलाई अंग्रेजी भाषामा अनुवाद गरी प्रकाशन गर्ने जस्ता कार्यक्रमसमेत गरिए ।



## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग साझेदारी

सधैंका वर्षहरूमा जस्तै महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँगको साझेदारीमा यस वर्ष पनि भृकुटीमण्डपस्थित राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको केन्द्रीय कार्यालयमा सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने, हरेक चार-चार महिनामा महासङ्घको मुखपत्र *रूपान्तरण*को प्रकाशन एवं वितरण गर्ने, देशका विभिन्न जिल्लामा महिला हिंसासम्बन्धी कार्यशाला सञ्चालन गर्ने, सदस्य संस्थाहरूमार्फत जिल्ला एवं गाउँस्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने काम भएका छन् ।

यसै सिलशिलामा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय अध्यक्ष कल्पना ढकालको अध्यक्षतामा बुटवलमा चैत ७ र ८ गते अपाङ्गता भएका महिलामा हुने लैङ्गिक हिंसा विषयक दुई दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरियो ।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका बरिष्ठ उपाध्यक्ष देवीबहादुर पोखरेलले प्रमुख आतिथिका रूपमा कार्यक्रमलाई सम्बोधन गर्दै अपाङ्गता भएका व्यक्तिहरूका विषयमा भएका विभिन्न अप्ठ्यारालाई स्थानीयदेखि केन्द्रस्तरसम्म पुऱ्याउन आफू तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो– "अपाङ्गता भएका व्याक्तिहरूले आफ्नो अधिकारका लागि आफैं लाग्नुपर्छ, हामी सक्रिय भएमात्र अधिकार प्राप्त गर्न सम्भव छ ।"

अभिमुखीकरण कार्यक्रममा महासङ्घका केन्द्रीय उपाध्यक्ष टीका दाहाल, इलाका प्रहरी कार्यालय बुटवलकी प्रहरी सहायक निरीक्षक अनिता महत, महिला तथा बालबालिका कार्यालय नवलपरासीका प्रमुख उर्भला लुइँटेललगायतले सहजीकरण गर्नुभयो । तालिममा पश्चिमाञ्चलका १० जिल्लाका महिला तथा पुरुष गरी ३५ जनाको सहभागिता थियो ।

यसैगरी, चैत महिनामा बझाङ जिल्लाको मस्टा गाविसका विभिन्न सरोकारवालाबीच अपाङ्गता अधिकार एवं सीआरपीडी सम्बन्धमा एक दिने अभिमुखीकरण कार्यक्रम गरियो । अपाङ्ग विकास जिल्ला मञ्च बझाङको स्थानीय व्यवस्थापनमा सम्पन्न कार्यक्रममा ५० जनाको सहभागिता थियो ।

कार्यक्रममा महिला विकासका प्रतिनिधि एवं अपाङ्ग विकास जिल्ला मञ्चका अध्यक्ष मुकेश धामीले सहजीकरण गर्नुभयो ।

## डीआरपीआई परियोजना

डीआरपीआई परियोजना योर्क युनिभर्सिटी क्यानडा र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको साझेदारीमा सञ्चालन भइरहेको छ । यस अन्तर्गत अपाङ्ता भएका व्यक्तिहरूको रोजगारीको अधिकार सम्बन्धमा अनुगमन गर्ने र

रोजगारदाताहरूसँग सक्रियरूपमा सहकार्य गरेर अपाङ्गता भएका व्यक्तिहरूका लागि नयाँ रोजगारीका अवसर सिर्जना गर्ने र भइरहेका अवसरहरूमा पनि अपाङ्गता भएका व्यक्तिलाई समावेश गराउने जस्ता क्रियाकलाप सञ्चालन भइरहेका छन् ।

यसै सन्दर्भमा परियोजनाको साझेदार योर्क युनिभर्सिटी, क्यानडाबाट परियोजना प्रमुख मार्सिया रुई र डीआरपीआई क्यानडाका अन्य सदस्य साउन २१ देखि २७ सम्म परियोजनाका गतिविधि तथा उपलब्धिबारे बुझ्न र परियोजनाका आगामी कार्यदिशा तय गर्न नेपाल आउनुभयो ।

यसैक्रममा मार्सिया रुई र नेपाल स्थित डीआरपीआईका कर्मचारीले रोजगारदाता तथा रोजगारीको खोजीमा रहेका अपाङ्गता भएका व्यक्तिहरूसँग भेटघाट तथा परामर्श गर्नुभयो ।



साउन २४ गते नेपालमा रहेका पाँचवटा निजी कम्पनीका सीईओहरूलाई अमेरिकाको चर्चित कम्पनी वालमार्टका पूर्व अध्यक्ष रान्डी लुइससँग भिडियो कल कार्यक्रम आयोजना गरियो ।

लुइसले आफ्नो कार्यकालमा वालमार्ट जस्तो बहुचर्चित कम्पनीमा सयौंको सङ्ख्यामा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीको अवसर सिर्जना गर्नुभएको थियो । उहाँले नेपालका सीईओहरूलाई आफ्नो अनुभव र अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा समावेश गर्दा भएको व्यापारिक फाइदाबारे बताउनुभयो ।

साउन २५ गते विभिन्न कम्पनीका गरी १० जना मानव संसाधन अधिकृतका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा समावेश गर्ने प्रक्रिया तथा त्यसका फाइदाका बारेमा जानकारी दिने उद्‌देश्यले कार्यशाला आयोजना गरियो । साउन २५ गते नै रोजगारीको खोजी गरिरहेका करिब १५ जना अपाङ्गता भएका व्यक्तिहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

त्यसैगरी, होमनेट नामक गैरसरकारी संस्थासँगको सहकार्यमा २०७२ पुस ४, ५ र ६ गते अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीको तयारीसम्बन्धी तीन दिने कार्यशाला आयोजना गरियो । कार्यशालामा डीआरपीआई तथा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका तर्फबाट विशाल दाहालले व्यक्तिगत विवरण (सीभी वा बायोडाटा) बनाउने, अन्तर्वार्ताको तयारीका साथै रोजगारीका अन्य विभिन्न पक्षका बारेमा तालिम दिनुभयो ।

यस कार्यशालामा शारीरिक अपाङ्गता भएका व्यक्ति, दृष्टिविहीन एवं बहिरा व्यक्तिहरूसमेत गरेर १५ जनाको सहभागिता थियो ।

२०७२ फागुन २८ गते र चैत ५ गते प्रयत्न नेपाल नामक संस्थासँगको सहकार्यमा १५ जना दृष्टिविहीन तथा अल्पदृष्टिविहीन व्यक्तिहरूका लागि रोजगारीको तयारीसम्बन्धी कार्यशाला आयोजना गरियो ।

२०७२ चैत ३ गते राष्ट्रिय बहिरा महासङ्घ नेपालसँगको सहकार्यमा ६० जना बहिरा व्यक्तिहरूका लागि रोजगारीको तयारीसम्बन्धी कार्यशाला आयोजना गरियो।

यसै परियोजना अन्तर्गत नियमितरूपमा अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारी उपलब्ध गराउन रोजगारदाताहरूलाई तयार गर्ने र भेटिएका रोजगारीका अवसर अनुरूप अपाङ्गता भएका व्यक्तिहरूलाई तयार गर्ने काम भइरहेको छ । 0

# एसियाली बौध्दिक अपाङ्गता महासङ्घको २२औं सम्मेलन




एसियाली बौद्धिक अपाङ्गता महासङ्घको २२ औं सम्मेलन श्रीलङ्कको राजधानी कोलम्बोमा २ देखि ७ अक्टोबर २०१५ सम्म आयोजना गरियो । नेपालका तर्फबाट सम्मेलनमा सहभागी राष्ट्रिय सुस्तमनस्थिति कल्याण संस्थाका केन्द्रीय अध्यक्ष सचितानन्द श्रीवास्तव एसियाली बौद्धिक अपाङ्गता महासङ्घको प्रथम उपाध्यक्ष पदमा आगामी २ वर्षका लागि निर्विरोध निर्वाचित हुनुभयो । यो महासङ्घ बौद्धिक अपाङ्गताको पुनःस्थापनाका क्षेत्रमा कार्यरत एसियाली सङ्घ-संस्थाहरूको छाता सङ्गठन हो ।

प्रत्येक २-२ वर्षमा हुने यस्तो सम्मेलनमा एसिया, युरोप, अमेरिकालगायतका विभिन्न राष्ट्रबाट बौद्धिक अपाङ्गताका क्षेत्रका विश्लेषक, चिकित्सक, प्राध्यापक, अभिभावक, शिक्षक, स्वयंसेवक, प्रशासक, स्व-वकालतकर्ताहरू समेतको सहभागिता रहनेगर्छ ।

बाइसौं सम्मेलनमा बौद्धिक अपाङ्गताका हक-अधिकार, पुनःस्थापना, रोकथाम, शिक्षा, स्वास्थ्य, रोजगारी, विभिन्न सीप तथा आयमूलक व्यवसायसम्बन्धी कार्यक्रमका विषयमा विभिन्न देशबाट कार्यपत्र प्रस्तुत गरिए । त्यसक्रममा आ-आफ्ना देशमा बौद्धिक अपाङ्गताका क्षेत्रमा भोग्नुपरेका समस्याका बारेमा व्यापकरूपमा छलफल तथा विचार एवं अनुभव आदान प्रदान गरी आपसमा सहयोग गर्दै अगाडि बढ्नुपर्ने कुरा औंल्याइयो ।

सम्मेलनले घोषणापत्र जारी गरी सदस्य राष्ट्रका सरकारलाई दबाब दिने उद्देश्य लिई कार्यान्वयन पर्ने प्रतिबद्धता जनायो ।

प्रस्तुति– **शशीबाबु पौडेल**

# बौद्धिक अपाङ्गताका अभिभावकहरूको महासङ्घको पाँचौं साधारणसभा तथा तेस्रो महाधिवेशन सम्पन्न

बौद्धिक अपाङ्गताका अभिभावकहरूको महासङ्घको पाँचौं साधारणसभा तथा तेस्रो महाधिवेशन २०७२ फागुन ५ र ६ गते पोखरामा आयोजना गरियो । साधारणसभा तथा महाधिवेशनको उद्घाटन शहरी विकास राज्यमन्त्री मञ्जुकुमारी चौधरीले गर्नुभयो । त्यस अवसरमा राज्यमन्त्री चौधरीले महासङ्घबाट प्रकाशित विपद्, भूकम्पीय जोखिमको अवधारणा र न्यूनीकरण विषयक पुस्तकको विमोचनसमेत गर्नुभयो ।

महासङ्घका अध्यक्ष सुवर्णकेशरी चित्रकारको सभापतित्वमा सम्पन्न सभामा शुभकामना मन्तव्यका क्रममा राज्यमन्त्री चौधरीले महासङ्घसँग सहकार्य गर्न सरकारलाई घच्घच्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यस्तै, कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला विकास समिति, राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय, नेपाल अपाङ्ग महिला सङ्घ, नेकपा (एमाले), नेपाल नेत्रहीन सङ्घ, आईएल सेन्टर, इन्सेक पोखरा, महासङ्घका अन्तर्राष्ट्रिय साझेदार संस्थाका प्रतिनिधि, सदस्य संस्थाका प्रतिनिधि, पर्यवेक्षक, स्वयंसेवकका साथै महासङ्घका कर्मचारीको उपस्थितिमा सम्पन्न सभामा पोखरा सेवा केन्द्रसँग आवद्ध स्ववकालतकर्ताहरूले नृत्यद्वारा स्वागत गरे ।

महाधिवेशनले महासङ्घको नयाँ कार्य समिति पनि चयन गऱ्यो । नव निर्वाचित कार्यसमितिका अध्यक्षमा मुकुन्दहरि दाहाल, उपाध्यक्ष गोकर्णप्रसाद आचार्य, महासचिव विश्वराज अधिकारी, सचिव लक्ष्मी काफ्ले तथा कोषाध्यक्षमा रामनारायण श्रेष्ठ रहनुभएको छ । **सदस्यहरूमा** राजु बस्नेत, शशिबाबु पौडेल (स्ववकालतकर्ता), कुलप्रसाद ढकाल, शारदा पौडेल, धनमाया तामाङ, भागिरथा चापागाईं, श्रीप्रसाद श्रेष्ठ तथा कपिलमुनि हुमागाईं हुनुहुन्छ ।

# लचना बौद्धिक अपाङ्गता उत्थान समाज केन्द्र भवन (सुनगाभा होम्स) उद्घाटन

लचना बौद्धिक अपाङ्गता उत्थान समाज केन्द्र भवन (सुनगाभा होम्स) को उद्घाटन कार्यक्रम भव्यरूपमा सम्पन्न भयो । काठमाडौंमा माघ २६ गते कार्यक्रमका प्रमुख अतिथि संस्थापक लचना चित्रकार र ब्रिटिस स्कुलका प्रधानाध्यापक जोरमोरीले संयुत्तरूपमा ***सुनगाभा होम्स*** भवनको उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा सुनगाभा महिला व्यवसायी तालिम केन्द्रकी अध्यक्ष सुवर्णकेशरी चित्रकारले समाजमा रहेका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई अवसर दिएको खण्डमा अरू नागरिकसरह



व्यावसायिक सीप, संस्कृति (कल्चर), खेलकुद (स्पोर्ट), सिलाइ बुनाइ, ब्रिकेट उत्पादनलगायतका काम गर्नसक्ने भएकाले उनीहरूका अभिभावकलाई उनीहरूको दक्षता अनुसार शिक्षा सेवा आयोग, लोक सेवा आयोग, निजीस्तरका बैङ्क, डिपार्टमेन्टल स्टोर्स आदिमा रोजगारीका लागि देशभरिका अपाङ्गताका क्षेत्रमा काम गर्ने सङ्घ–संस्थाका साथै अभिभावकहरूले पनि आवाज उठाउनुपर्छ भन्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि जोरमोरीले ब्रिटिस स्कुलका तर्फबाट आगामी दिनमा बौद्धिक अपाङ्गता भएका महिलाहरूको उन्नति, प्रगति, अध्ययन, व्यावसायिक सीप विकास गर्न र भवनको बाँकी कामका लागि पनि बजेट विनियोजन गर्न आफू लागिपर्ने बताउनुभयो ।




साथै, कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका उपाध्यक्ष टीका दाहाल, डेनमार्क र एफएओ नर्वेका प्रतिनिधि रेणू लोहनीले भवन बनाउन लागेकोमा खुःसी व्यक्त गर्दै आफ्नातर्फबाट पनि सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा उपस्थित सभासद् लक्ष्मण राजवंशीले व्यवस्थापिका संसद् अन्तर्गतको महिला, बालबालिका, ज्येष्ठ नागरिक समितिको सदस्यका हैसियतले पछाडि पारिएका सीमान्तकृत अपाङ्गता भएका व्यक्तिहरूका सवालमा समितिका सभापतिसमक्ष र सदनमा पनि कुरा उठाउँदा पनि आफ्ना कुरालाई बेवास्ता गरिएको हुनाले सभासद् पदबाट राजिनामा दिने घोषणा गर्नुभयो ।

# सुस्तमनस्थिति बाल विद्या मन्दिरको साधारणसभा

सुस्तमनस्थिति बाल विद्या मन्दिरको २१ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन फागुन १२ गते बुधवार सम्पन्न भयो । संस्थाका अध्यक्ष लोकराज भुषालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बुटवल उपमहानरपालिकाका सामाजिक कल्याण महाशाखा प्रमुख भुवाप्रसाद लुइँटेलले सम्बोधन गर्दै अपाङ्गतामा पनि विभिन्न प्रकृति हुने र त्यसमा अझ जटिल समस्याको रूपमा बौद्धिक अपाङ्गता भएका बालबालिका रहेको भन्दै उनीहरूका लागि सबैको विशेष सहयोग र हेरचाह आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो– "अपाङ्गता हुनु कुनै गल्ती होइन । सबै मिलेर अपाङ्गताको विषयमा सहकार्य गर्नुपर्छ ।"

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय बुटवलका प्रमुख दिपकजङ्ग ध्वज कार्कीले अपाङ्गताको विषय सबैको साझा भएको भन्दै यसका लागि आफूहरू सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताउनुभयो ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवलकी संयोजक सावित्रा घिमिरे, गैरसरकारी संस्था महासङ्घ रूपन्देहीकी सदस्य रीमा बीसी, समाजसेवी शेरबहादुर गोतामे, आमोद सिमांगैडालगायतले पनि कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।

# महासङ्घका क्षेत्रीय गतिविधि

## पश्चिमाञ्चलको अध्यक्षमा ढकाल

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चलको फागुन ८ गते भएको आठौं वार्षिक






साधारणसभा तथा पाँचौं अधिवेशनले कल्पना ढकालको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ । रूपन्देही अपाङ्ग पुनःस्थापना केन्द्रकी अध्यक्ष रहेकी ढकाल यस अघि सहसचिव पदमा हुनुहुन्थ्यो ।

उहाँले अध्यक्षका प्रत्यासी दृष्टिविहीन उत्थान सङ्घका अध्यक्ष हुमनाथ अधिकारीलाई ९ मतले पराजित गर्नुभएको हो । अधिकारी यस अघि कोषाध्यक्ष पदमा हुनुहुन्थ्यो । अध्यक्ष पदमा सहमति नभएपछि भएको निर्वाचन प्रक्रियामा पश्चिमाञ्चल विकास क्षेत्रका १६ जिल्लाका करिब १५० प्रतिनिधिले मतदान गर्नुभयो ।

तनहुँको दमौलीमा भएको अधिवेशनले उपाध्यक्षमा प्रमिला श्रेष्ठलाई निर्विरोध चयन गरेको छ भने कोषाध्यक्षमा विकास घिमिरे निर्वाचित हुनुभएको छ । सचिवमा सुरेन्द्र खत्री र सहसचिवमा शीला घिमिरे निर्विरोध निर्वाचित हुनुभयो । त्यस्तै, सदस्यहरूमा सामान्य अपाङ्गतातर्फ पवनकुमार बस्नेत र अनिता शर्मा, अति अशक्त सदस्यतर्फ मनोज पँगेनी र खोमकला सापकोटा, मधेशी सदस्यतर्फ दीपनारायण हरिजन, जनजातितर्फ वीरेन्द्र राना र दलिततर्फ कमला परियार विजयी हुनुभएको निर्वाचन समितिले जनाएको छ ।

## महासङ्घका नवनिर्वाचित पदाधिकारीको सम्मान

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय समिति बुटवलले पुस ११ र १२ गते पोखरामा सम्पन्न १६ औँ वार्षिक साधारणसभा तथा सातौं महाधिवेशनबाट पदाधिकारीमा निर्वाचित यस क्षेत्रका वासिन्दालाई स्वागत तथा सम्मान गऱ्यो ।

माघ १२ गते आइतबार बुटवलमा कार्यक्रम आयोजना गरी राष्ट्रिय अध्यक्ष सुदर्शन सुवेदीसहित बरिष्ठ उपाध्यक्ष देवीबहादुर पोखरेल, सचिव ओमप्रकाश बञ्जाडे र केरीय सदस्यहरू चन्द्रकान्त पौड्याल, शिवकुमार ज्ञवाली, सुगम भट्टराई, प्रमिला जोशी, रामरतन हरिजनलाई स्वागत तथा सम्मान गरिएको हो ।

बुटवल उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत ध्रुवबहादुर खड्काले नवनिर्वाचित अध्यक्ष,



वरिष्ठ उपाध्यक्षसहितका पदाधिकारीलाई दोसल्ला ओढाई अबिर लगाएर सम्मान गर्नुभएको हो ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय कार्यवाहक अध्यक्ष प्रकाश पन्तको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्रीय सहसचिव कल्पना ढकालले स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख विशिष्ठ अतिथि तथा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष सुदर्शन सुवेदीले अबको अपाङ्गता आन्दोलनमा अति अशक्त, पूर्ण अपाङ्गता भएका विकट स्थानका अपाङ्गता भएका व्यक्तिहरूलाई समाजको मूलधारमा ल्याउन विशेष जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो– "हामी केही बुझ्ने व्यक्तिहरू भएका छौं तर वर्षौंदेखि अपाङ्गता भएकै कारण हिंसा सहदै आउनुभएका व्यक्तिहरूलाई खुला समाजमा ल्याएर प्रतिस्पर्धा गर्नसक्ने कसरी बनाउने भन्नतर्फ लाग्नुपर्छ ।"

त्यस अवसरमा बुटवल उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत खड्काले अन्य जिल्लामा भन्दा रूपन्देहीमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भनेर विनियोजन भएको बजेट सही ढङ्गले प्रयोग गरिएको पाइएको भन्दै आगामी दिनमा लक्षित समुदायको रकम लक्षित समुदायकै हितमा खर्च हुनुपर्छ भन्नुभयो ।

उहाँले अपाङ्गताको नाम भजाएर भत्तामात्र पचाउने तर ठोस कार्यप्रगति गर्न नसक्ने प्रवृत्ति अन्त्य हुनुपर्नेमा जोड दिनुभयो ।

## दृष्टिविहीनहरूको सार्थक अभियान एक व्यक्ति एक इँटा

दृष्टिविहीन व्यक्तिहरू एकजुट भएर लाग्ने हो भने अनुकरणीय काम गर्न सक्छन् भन्ने उदाहरण पछिल्लो समयमा रूपन्देहीका दृष्टिविहीनहरूले प्रस्तुत गरेका छन् ।

रूपन्देही नेत्रहीन सङ्घले सञ्चालन गरेको 'एक व्यक्ति एक इँटा' अभियान अन्तर्गत आफ्नै भवन बनाइसकेको छ । यद्यपि, भवनमा अझै केही पूर्वाधारको विकास गर्नु आवश्यक रहेको छ । भवनको नेपाल सरकारका उपप्रधान तथा उर्जामन्त्री टोपबहादुर रायमाझीले उद्घाटन गर्नुभयो ।

केही वर्ष पहिलादेखि सुरु भएको 'एक व्यक्ति एक इँटा' अभियान अन्तर्गत अपाङ्गता भएका व्यक्ति, दृष्टिविहीन व्यक्तिहरूसँग चन्दा सङ्कलन गरिएको थियो । अभियानमा बुटवल उपमहानगरपालिका र जिल्ला विकास समितिले पनि साथ दिएका छन् ।

बुटवल– १४, तामनगरमा दृष्टिविहीनहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि पश्चिमाञ्चल क्षेत्रस्तरीय तालिम केन्द्र तथा आश्रयस्थलको रूपमा विकास गर्नेगरी ४ वटा कोठा र एउटा कार्यक्रम हलसहितको भवन निर्माण गरेका हुन् ।

रूपन्देही नेत्रहीन सङ्घका अध्यक्ष बालकृष्ण मरासिनीका अनुसार, अहिलेसम्म करिब ३३ लाख रुपियाँ खर्च भएको छ, जसमा ७ लाख ३० हजार रुपियाँ जिल्ला विकास समिति र बुटवल उपमहानगरपालिकाले सहयोग गरेका छन् । अन्य सबै रकम दृष्टिविहीनहरूले चन्दा उठाएका हुन् । नेपाल नेत्रहीन सङ्घले केन्द्रबाट ५० हजार रुपियाँ उपलब्ध गराएको छ ।

रूपन्देही नेत्रहीन सङ्घका संस्थापक अध्यक्ष तथा राष्ट्रिय अपाङ्ग महासङ्घ रूपन्देहीका अध्यक्ष आत्मराम पौडेलको नेतृत्वमा भवन निर्माण कार्य सुरु गरिएको थियो ।

तीन कठ्ठा जग्गामा निर्माण भएको भवनलाई गुरुयोजना अनुसार क्षेत्रीय तालिम केन्द्रको रूपमा विकास गर्न अझै करिब ४० लाख रुपियाँ अभाव भएको रूपन्देही नेत्रहीन सङ्घका अध्यक्ष मरासिनीले जानकारी दिनुभएको छ । उहाँ भन्नुहुन्छ– "ओत लाग्ने एउटा भवन निर्माण गरेका छौं तर गुरुयोजना अनुसार क्षेत्रीय तालिम केन्द्र बनाउन अझै ४० लाख रुपियाँ अभाव रहेको छ ।"

वि.सं. २०५४ सालमा स्थापना भएको रूपन्देही नेत्रहीन सङ्घलाई विधिवतरूपमा वि.सं. २०६४ सालमा जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा दर्ता गरिएको हो ।

भवन निर्माण भइरहेको स्थानको जग्गा




सार्वजनिक जग्गा हो । त्यस क्षेत्रका राजनीतिक दल, सरोकारवाला निकाय र स्थानीय निकायले सहमति गरेर रूपन्देही नेत्रहीन सङ्घलाई दिने निर्णय गरेका हुन् ।

रूपन्देही जिल्लामा अहिले ५ हजार ९९१ अपाङ्गता भएका व्यक्ति रहेका छन् । उनीहरूबाट एक व्यक्ति एक इँटा बराबरको सहयोग जुटाउने अभियान रहेको छ ।

उपप्रधान तथा उर्जामन्त्री टोपबहादुर रायमाझीले रूपन्देही नेत्रहीन सङ्घको नवर्निमत तालिम तथा आश्रय भवनको पुस १५ गते उद्घाटन कार्यक्रममा अपाङ्गताको विषयमा सरकार गम्भीर रहेको र अहिले प्रदान गर्ने गरेको अपाङ्गता भत्ता बढाउन आफूले हदैसम्म पहल गर्ने बताउनुभयो ।

उहाँले नवनिर्मित भवनका अन्य भौतिक पूर्वाधार निर्माणका लागि मन्त्रालयस्तरबाट सक्दो प्रयास गर्ने प्रतिबद्वता जाहेर गर्दै आर्थिक, भौतिक र वर्गीयरूपमा पछाडि परेका नेपाली समाजमा अझ अपाङ्गता जगत झनै पछाडि परेको छ भन्नुभयो ।

कार्यक्रममा जिल्ला विकास समिति रूपन्देहीका सामाजिक शाखा अधिकृत दुर्गाप्रसाद श्रेष्ठ, बुटवल उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत ध्रुवबहादुर खड्का, नेपाली काँग्रेसका जिल्ला सदस्य खगेन्द्र शर्मा, नेत्रहीन पुनःस्थापना कार्यक्रम रूपन्देहीका क्षेत्र निर्देशक प्रेम महर्जनलगायतले समेत मन्तव्य व्यक्त गर्नुभयो ।

**- कृष्ण खनाल**

## अपाङ्गता अधिकार प्रवर्द्धनसम्बन्धी अभिमुखीकरण

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल र नेदरल्याण्ड लेप्रोसी रिलिफ नेपालको साझेदारीमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका ४ जिल्लामा एक दिने अपाङ्गता अधिकार प्रवर्द्धनसम्बन्धी सरोकारवाला निकायहरूबीच एक दिने अभिमुखीकरण कार्यक्रम गरियो ।

कञ्चनपुर, डडेलधुरा, डोटी र अछाम जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूका क्षेत्रमा काम गर्ने संस्थाहरू (डीपीओ) तथा विभिन्न सरकारी एवं गैरसरकारी सरोकारवाला निकायहरूबीच सन् २०१५ को नोभेम्बर महिनाको पहिलो साता अपाङ्गता अधिकार प्रवर्द्धनका लागि अभिमुखीकरण कार्यक्रम गरिएको हो ।

डडेल्धुरा जिल्लामा अपाङ्ग कल्याण सेवा समिति डडेल्धुरा, डोटी जिल्लामा अपाङ्ग सेवा सङ्घ डोटी, अछाम जिल्लामा अपाङ्ग उत्थान समूह र कञ्चनपुर जिल्लामा अपाङ्ग सेवा सङ्घको स्थानीय व्यवस्थापनमा अभिमुखीकरण कार्यक्रम भएका हुन् ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका कार्यक्रम अधिकृत विमल पौडेल र नेदरल्याण्ड लेप्रोसी रिलिफ नेपालका कार्यक्रम संयोजक नन्दलाल बास्तोलाले सहजीकरण गर्नुभएको कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल सुदूरपश्चिम क्षेत्रीय संयोजक जीवन भट्ट र नेदरल्याण्ड लेप्रोसी रिलिफ नेपाल धनगढीका क्षेत्रीय संयोजक पुस्कर काफ्लेको समेत सहभागिता थियो ।

यी जिल्लामा अपाङ्गता भएका व्यक्ति, तिनका परिवार तथा अपाङ्गतासँग प्रत्यक्ष

सम्बन्ध राख्ने निकायहरूको एकीकृतरूपमा क्षमता विकास गर्दै अपाङ्गताको विषयहरूमा प्रभावकारी ढङ्गबाट परिचालन गरेर अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्न जिल्लास्तरमा काम गरिरहेका सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरूको प्रत्यक्ष सहभागितामा कार्यक्रम सञ्चालन गरिएको हो ।

## सुस्तमनस्थिति बाल विद्या मन्दिरको साधारणसभा

सुस्तमनस्थिति बाल विद्या मन्दिरको २१ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन फागुन १२ गते बुधवार सम्पन्न भयो । संस्थाका अध्यक्ष लोकराज भुषालको अध्यक्षतामा भएको कार्यक्रममा बुटवल उपमहानरपालिकाका सामाजिक कल्याण महाशाखा प्रमुख भुवाप्रसाद लुइँटेल प्रमुख आतिथि हुनुहुन्थ्यो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि लुइँटेलले अपाङ्गतामा पनि विभिन्न प्रकृति हुने र त्यसमा अझ जटिल अवस्थामा बौद्धिक अपाङ्गता भएका बालबालिका रहेको भन्दै उनीहरूका लागि सबैको विशेष सहयोग र हेरचाह आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो– "अपाङ्गता हुनु कुनै गल्ती होइन । सबै मिलेर अपाङ्गताका विषयमा सहकार्य गर्नुपर्दछ ।"

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय बुटवलका प्रमुख दीपकजङ्ग ध्वज कार्कीले अपाङ्गताको विषय सबैको साझा भएकाले यसका लागि आफूहरू सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताउनुभयो ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवलकी संयोजक सावित्रा घिमिरे, गैरसरकारी संस्था महासङ्घ रुपन्देहीकी सदस्य रीमा बीसी, समाजसेवी शेरबहादुर गोतामे, आमोद सिमागैंडालगायतले पनि कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।

## अपाङ्गतामैत्री नमूना गाउँ निर्माणका लागि कार्ययोजना तयारी गोष्ठी

कञ्चनपुर जिल्लाको बाइसेबिचवा एवं कैलाली जिल्लाको जोशीपुरमा अपाङ्गतामैत्री नमूना गाउँ निर्माण गर्न आगामी ५ वर्षका लागि कार्ययोजना तयार गरिएको छ ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको आयोजना एवं नेदरल्यान्ड लेप्रोसी रिलिफ नेपालको आर्थिक साझेदारीमा गाउँस्तरका विभिन्न सरोकारवालाबीच आयोजित दुईदिने कार्ययोजना निर्माण गोष्ठीबाट कार्ययोजना तयार गरिएको हो । गोष्ठीमा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका निम्ति विभिन्न क्षेत्रका सम्बन्धित सरोकारवालाहरूको प्रतिबद्धता लिने कामसमेत गरियो ।

कार्यक्रममा गाविसका सचिव एवं अन्य



कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, स्वास्थ्य चौकी, विद्यालय/क्याम्पसका प्रतिनिधि, प्रहरी चौकी, सामुदायिक वन, आमा समूह तथा अन्य समूह/समिति, गैरसरकारी निकायका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिहरू एवं उनीहरूका अभिभावकको सहभागिता थियो । ०



समाचार

kantipur.ekantipur.com

# दृष्टिविहीनको उपचारमा समस्या

## आँखाको नानी प्रत्यारोपण

झापा (कास)- बिर्तामोडस्थित दृष्टि आँखा अस्पतालले नानी (कर्निया) को सफल प्रत्यारोपण गरेको छ। कर्निया विशेषज्ञ सर्जन डा. भाइराजा श्रेष्ठको टोलीले गत मंगलबार ...

# दृष्टिविहीन बाल स्रोतकेन्द्र लथालिंग

जितेन्द्रकुमार झा

राजविराज, फागुन २

एक दशक नाघ्दा राजविराजस्थित पब्लिक विन्देश्वरी उच्च माविमा सञ्चालित दृष्टिविहीन बालबालिकाको स्रोतकेन्द्र ...

# बोल्न नसक्ने बालिका बलात्कृत

रितेश त्रिपाठी

वीरगन्ज, फागुन १८

## करणी आरोपमा दुई पक्राउ

# अपांगले भत्ता पाएनन्

गोविन्द केसी

दैलेख, माघ १०

# अपांगले पाएनन् परिचयपत्र

कान्तिपुर २०६२।१०।२३ पृ. २

खगेन्द्र अवस्थी

बैतडी- ग्रामीण भेगका अपांगता भएका व्यक्तिले सदरमुकाम पुग्न नसक्दा परिचय पत्र पाउन सकेका छैनन्। परिचयपत्र नहुँदा सरकारले उपलब्ध ...

# दृष्टिविहीन विद्यार्थीले किताब पाएनन्

तस्बिर : प्रदीप पन्त/बागलुङ

kantipur.ekantipur.com | ५ | देश

# कुष्ठरोगले थलिएकी महिला उपचारमा

कान्तिपुर संवाददाता

# भारी बोकेर छाक टार्छन् दृष्टिविहीन

किसान संगीत नेपाली

लमजुङ, फागुन ६

काँधमा ठिक्कको भारी। हातमा मोटो लट्ठी। त्यही लट्ठी बाटो ठम्याउने सहारा हो। आँखा देख्दैनन् कालीबहादुर परियार। पहाडी बस्ती गिलुङ-१, भुमडाँडाको गाउँले बजार चहारिरहने यी अधबैंसेलाई देख्दा धेरैले सोच्दा हुन्- उनी माग्दै गुजारा ...

करिब १० वर्षको उमेरमा रतन्धो भयो। बिस्तारै दिउँसो पनि देख्न छाडे। चार वर्षयता भने ठ्याप्पै देख्न छाडेका छन्। त्यसपछि उनको जीवनमा ठूलै वज्रपात भयो। पत्नीले छाडेर गइन्। १५ वर्षको छोराले आत्महत्या गरे। कालीबहादुर एक्लै भए।

दुःखको कथा रोकिएन। सहारा चाहिने अवस्थामा पत्नी, दाजुभाइ र आफन्त ...



कैलाली जिल्लाको धनगढीमा अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाको मस्यौदामा सुझाव दिंदै सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका अपाङ्गता अधिकारकर्मी ।




अन्तर्राष्ट्रिय महिला श्रमिक दिवस (मार्च ८) का सन्दर्भमा आयोजित कार्यक्रमका सहभागी ।



माइराइट नेपालसँगको साझेदारीमा काठमाडौंमा आयोजित अपाङ्गतासम्बन्धी नीति तथा कार्ययोजनाको मस्यौदामा सुझाव सङ्कलन कार्यक्रमका सहभागी ।




बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावकहरूको महासङ्घको पोखरामा सम्पन्न तेस्रो अधिवेशन ।



२०७२ पुस ११ र १२ गते पोखरामा सम्पन्न महासङ्घको सातौं महाधिवेशनका केही दृश्य ।







